# स्वर्गीय भदन्त गुरूजी
# ऊ कित्तिमा महास्थविरया

# संक्षिप्त जीवनी



लेखिका

**अनागारिका संघरक्षिता**

Downloaded from http://dhamma.digital

# स्वर्गीय भदन्त गुरुजी
# ऊ कित्तिमा महास्थविरया

# संक्षिप्त जीवनी

Dhamma.Digital

लेखिका

अनागारिका संघरक्षिता

Downloaded from http://dhamma.digital

प्रकाशक

अनागारिका चन्द्रशीला

संघ रक्षिता विहार

वडा नं. ७ सुन्धारा चंकिटोल

पाटन

बुद्ध सम्वत:- २५३३

वि. सम्वत:- २०४६

मुद्रक:-

मञ्जुश्री प्रिन्टिङ्ग प्रेस

इखाछें, आनन्द बहाल, ललितपुर २२

फोन नं. ५-२१५०८

Downloaded from http://dhamma.digital



स्वर्गीय ऊ कित्तिमा महास्थविर

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# जिमि गुरुयांत बन्दना

वस्पोल ऊ कित्तिमा मरूले जिमि गुरु खः । वस्पोलया संक्षिप्त जीवनी सफुया रुपे पिकाय् त्यना च्वंका जिमि केहे अनागारिका संघरक्षितां जित ब्यंकल व थ्वं न्यना जि साप लय् ताल ।

वस्पोलं बुद्ध धर्मया सेवाय् यक्को याना बिज्याग्म धं कुपु दु । थ:गु देशे जक मखु बिदेशे नं यक्को याना च्वना बिज्यागु दु

वस्पोल धर्मा याम्ह मूसां वस्पोलयाके जातिय संकीर्णता मदु । म्हयाम्ह सितनं छगु हे दृष्टि स्वया बिज्याई । वस्पोलं सकसितं म्हयाबले दया व करुणा तया बिज्याई ।

वस्पोलया जीवनी स्वया सकले वस्पोल थें दया व करुणा दुम्ह जुइ फयमा जिमि केहे अनागारिका संघरक्षिताया मनं तुनागु फुक्कं पुरे जुइमा ।

अनागारिका उत्तरा

Downloaded from http://dhamma.digital

# महास्थविर भन्तेयात वन्दना

संसारे अनगिन्त प्राणीपिं बया च्वनी हना च्वनी । मनूत नं जन्म जुइ सी । तर अज्योपिं मनूत सीना वंसानं म्वाना च्वंगु ज्वी सुनां 'बहु जन हिताय बहुजन सुखाय" सिद्धान्त अनुसार थ:गु जीवन छेला वनी । धर्मा याम्ह पूज्यवर ऊ कित्तिमा महास्थविरनं छम्ह अज्याम्हख: गुम्हसे भारते बुद्ध धर्मया पुनर्जागरणय अमित छाप तया विख्यात धाथें धाय माल धासा वसपोल पूज्यवर चन्द्रमणी महास्थवीरया ल्यू निम्ह म्ह जिं धाना च्वना । सकल नेपामी बौद्ध तीर्थ यात्रुत वस्पोल प्रति कृतज्ञ जुया च्वं वस्पोलया कितिं अमर जुया च्वनागु दु । वस्पोल थें त्याग व तपस्या या प्रतिक भन्ते महास्थविरज्यूयात जिगु शिरं सहस्र बन्दना याना च्वना ।

खुशीया खं ख: पूज्य ऊ कित्तिमा महास्थविरज्यू नं अनागारिका संघरक्षिता थें श्रद्धालु धर्मया ज्याय लगनशील जुम्ह नेपामी शिष्या दयका विख्यात वस्पोलं गुरुया प्रेरणां प्रेरित जुया थ:गु बल देशया इ ब्यो कथं पिनेया तिबोब्यूकथं नेपाले बुद्ध धर्मया प्रचार व प्रसार यामा बया च्वंगु खने दु । गबले महत्वपूर्णगु किताब त छापे याकुसा गबले थ:गु तन-मन-धन लगेयाना विहार दयकेगुलि ज्याय लगे जुइ उलिंजक सन्तोष मजुसे दंय् दंय् पति चिचो धिकपिं

Downloaded from http://dhamma.digital

विद्यार्थि मिसामस्तेत इमिगु चिकुला बिदाय दुर्लभ प्रव्रज्या अनागारिकः दिक्षा बिया कल्याण मित्रपिनि जग सोना च्वगु खना च्वना। अ. संघरक्षिता थःगु जन्मभूमि नेपाल भगवान बुद्धया शुद्ध थेरवादी बुद्ध धर्म ब्यापक रूप प्रचार जुगु सोय यो।

थः परम पूज्यवर गुरू भन्ते ऊ कित्तिमा महास्थबिरज्यू सम्बन्धि च्वयातगु थ्व चिधंगु किताब सम्पादन व प्रकाशन याना गुरूयाति पवित्र जुइगुलि अ. संघरक्षिता सफल जुगु दु धका जिं महशुस याना। वस्पोल थः गुरूया जीवन व कार्य कुसलता थः पासा भाइपिन्त थज्यागु दिक्षा पाखे न्हयोज्याकेगु यो। विश्वास दु वस्पोलया थ्व पवित्र अभिलाषा पुरेज्वी।

भन्ते बुद्ध धर्मया क्षेत्र थः नं संघया छम्ह सदस्य जुया थःगु अमूल्य जिबन समर्पण याम्ह सहिद सदृस भन्ते ऊ कित्तिमा महास्थविर थ्व निगू शब्दं सादर बन्दना याना।

भिक्षु सुशोभन

संघराम भिक्षु तालिम केन्द्र लुति यें

२०४६ बैशाख ३० गते भिक्षु सुशोभन

Downloaded from http://dhamma.digital

# निगू शब्द

बुद्ध धर्म थ्व न्यागु महान गुणयात पूजा याये फयकेमा (पूजायाये बह्‌पं ख:) व न्यागु गुण थथे :-

१) बुद्ध गुण अनन्त-- बुद्धया गुण अनन्त ख:

२) धम्म गुण अनन्त-- धर्मया गुण अनन्त ख:

३) संघ गुण अनन्त-- संघया गुण अनन्त ख:

४) आचारियो गुण अनन्त-- गुरूया गुण अनन्त ख:

५) मातापिता गुण अनन्त-- मां बौया गुण अनन्त ख:

इमे पञ्च महागुणं अहं वन्दामी सब्बदा ।

थुगु न्यागु महान गुणयात न्हीथं वन्दना याना थ्वमा छका न्हीथं प्रत्येक व्यक्तिपिसं न्ही छको वन्दना याये फयकेमा (पूजा याये फयकेमा) थुगु किसिमं महान गुण दुपिं पूजायाय बहपिंन्त पूजायाये सम्ह व्यक्तियात छु किसिमं हे अन्तराय मय विघ्नबाधा मवइगु जुयाथ्वन मरणं लिपा सुगति वना सुख ऐश्वर्य प्राप्त याये फइधका भगवान बुद्धयागु उपदेश जित कर्मं सुधार याये फइगु शुद्ध व पवित्रगु थेरवाद बुद्ध धर्मे अनागारिका प्रवजित याना बिज्याम्ह आचार्य (गुरु) ख: वस्पोल सन १९८८ अप्रिल २३ खुनु बनारस सिगरा बर्मी बुद्ध बिहारे थ:गु देह तोता स्वार्गीय जुया बिज्यागु जुल गुरुयागु महान गुण खंका वस्पोलयागु पुण्य स्मृति निर्वाण कामना यासे थुगु संक्षिप्त जीवनी च्वयागु जुल ।

अनागारिका संघरक्षिता

वडा नं. ७ चकि यल ।

Downloaded from http://dhamma.digital

# पूज्यपाद गुरु ऊ कित्तिमा महास्थविरया संक्षिप्त जीवनी

वस्पोल भन्तेया जन्म १९०३ इस्वी सन २४ अगष्ट सोमवार खुनु रानछ्याबँग गाउँ म्यहुँग तहसिल, आक्याब जिल्ला बर्मा देशे जुगु खः। वस्पोलया मां दोनेया व बौ उक्राथुँ खः। वस्पोल ६ बर्ष दुबले वस्पोलया मां संसार तोता परलोक जुया बिज्यात। वस्पोलया बौनं खुदं दुह्म काय-मचायात अक्याव लाहान ज्यावान धैगु बिहारे-श्रामणेर याना आखः ब्वंकेगु थाले यात। थुगु विहार वस्पोलया मांया पाजु भिक्षु ऊः सानदिक महास्थ-विरयागु हे विहार जुया च्वन।

वस्पोल १३ बर्ष दुबले वस्पोलया बा नं स्वर्ग-वास जुया विज्यात। थनं लिपा वस्पोलया थःहे पाजु

Downloaded from http://dhamma.digital

भिक्षु ऊ चन्द्रमणी गुरू याथाय कुशीनगरे बिज्यात। पाजु ऊ चन्द्रमणी गुरूं १६ बर्ष दुम्ह वस्पोलयात गोरखपुर दयानन्द इन्टर कलेजे भर्ना याना बिज्यात। वस्पोल आखः बोनेगुली वीर्य व तीक्षण बुद्धि दुम्ह जुया चवन। अथेया कारणे याकनं हे इन्टरमेडियत कलेज पास याना बर्मा देशे बिज्यात। बर्मा देशे हे त्रिपिटक ब्वने सिधेका वस्पोल उपसम्पदा भिक्षु जुया बिज्यात। वस्पोलं धर्म सम्वन्धि इतिहास व लेख च्वयेगु याना बिज्यात। लेख इतिहास च्वयेगुली वस्पोल छह्म तःधह्म लेखक व लेखचर नं जुया बिज्यात। थथे वस्पोलया नां बर्मादेशे प्रख्यान्त जुया च्वंगुखः। आपा याना उगु बखते वस्पोल बर्मा देशयापिं म्ह्याय्मस्त बेजात नापं बिवाह याःगुली विरोध याना अखवार छापे याना विज्यात। थथे छाय् धाबले थेरवाद बुद्ध धर्मया शासन याकनं बुलुया मवनेमा धका खः। इस्वी सम्वत १९०२ सं छह्म बर्मी म्ह्याय्मचा मुसलमानया काय मचानापं विवाह जुया वयापाखें कायमचा छह्म नं दत व कायमचा-

Downloaded from http://dhamma.digital

यात बर्मी मांमं जिह्वियाना विहारे यंका भिक्षु याना बिल । व भिक्षु जुह्म तीक्ष्ण बुद्धिदुह्म जुया च्वन । उह्म भिक्षु छको भिक्षा वंबले गुलिसिनं मुसलमानया काय जूगुलीं भिक्षापात्रे फायागु ला तया विल । थुगु हे कारणं व भिक्षुं तं पिकया चीबर त्वता गृहस्थी जुल । गृहस्थी जुये धुंका वं चिचि धिकपिं श्रामणेरपिन्त गनगन नापलात अनअन हे दाइगु कसायाइगु जक मखु ज्यान समेतं काइगु जुया च्वन । थुगु कारणं याना बर्मीत व मुसलमान-तये विचे तधंगु ल्वापु संघर्ष चलेजुजुं वन । उगु वखते नं भारतं वना बर्मा देशे बास यानाच्वंपि हिन्दु धर्मावलम्बीपिन्त तकनं उगुल्वापुंयाना तधंगु आपद जुया च्वन । थथे ल्वापु जुजुं बना च्वंगु वखते स्वर्गीय गुरू ऊ कित्तिमा भन्तेनं गुह्म अपराधि खः वयात स्पष्ट करण याना अपराधि मखुपिन्त थथ झगडा व आतङ्क हमलायाय मज्यू धका अखबार प्रचार याना ल्वापुयात शान्त याना बिज्यात । थनंनसें गुरूयात माड़वाडी व मेपिं

Downloaded from http://dhamma.digital

हिन्दु जनतातयसं आदर गौरबजक मखु सत्यगु खँ ह्लाय्गुली लिंचिलेगु बानी मदुह्म शक्तिशालिह्म बोधिसत्व थें महा विद्वान भन्ते खः धका यस-कीर्ति फैले जुजुं वना च्वंगु जक मखु बच्छिं जनता धयाथें वस्पोलया पाखे जुया च्वन। थुगु किसिमं वस्पोलं तःधंगु सम्प्रदाय ल्वापु झगडा यात नं शान्त याना विज्यात।

थनंलिपा हानं भारते विज्याना दकले ह्लापां बलरामपुर धयाथाये विहार दयका विज्यात। उगु विहार आतकं दयाहे च्वंगु दु। थनं लिपा बैशालीनं छह्म मुसलमान दाता बोध जूया वस्पोलयात विहार दयेका ब्यूगू दु। थुकिं सीदु वस्पोल विद्वान जक मखु धर्म खँ कनेगुली दक्षता दुह्म खः धका सीकेफु छाय धासा मूसलमान धैंपि थःगु मूस्लिम धर्म कडा छांतं माने याईपि जुयानं वस्पोल भन्तेया न्हचोने तःधंगु श्रद्धा तःगु खनेदु। थुगु किसिमं हानं गोरखपुर जिल्ला कुशीनगरे विहार दयका

Downloaded from http://dhamma.digital

सारनाथ बिज्याना धर्मचक्र बर्मो बिहार दयेका विज्यात। अन्दाजी विक्रम सम्बत २००० साल पाखे आखिर वाराणसी सिगरा टोल वर्मी विहार व धर्मशाला दयेका थुगु विहारे हे जीवन पर्यन्त च्वना बिज्यात। विक्रम सम्बत २०४४ साल वैशाष महिनाया १० गते खुनु वस्पोलं संसारयात तोते छन्हु न्हचो कुशीनगर विहार सारनाथ विहार वथें सिगरा वर्मी विहारया विषय ६० ह्म ७० म्ह मयाक भिक्षु महासंघ सःता ओवाद बिया विज्यात। उक्त सिगरा वर्मी विहार ट्रष्ट कमिटीयात देखभाल यायेगु जिम्मा विया कुशीनगरे च्वना बिज्याह्म ऊ ज्ञानेश्वर भन्तेयात विहारे फैतुका कने खुन्हु बहनी सिया ८ बजे स्मृति पूर्वक संसारयात तोता विज्यात।

वस्पोल गुरूया जीवन दुबले पालि व संस्कृत-यात हिन्दीभाषां अनुवाद तथा प्रकाशयाना विज्यागु सफू त थथे खः। दकले ह्लापां हिन्दी भाषां अनुवाद

Downloaded from http://dhamma.digital

याना विज्यागु १ मिलिन्द प्रश्न २ सिगालवाद सूत्र, ३ महापरिनिर्वाण सूत्र, ४ अभिधम्मट्ठ संग्रह, ५ मंगल सूत्र, ६ बोधिद्रुम, ७ मौर्य-वंश इतिहास, ८ महाबोधि इतिहास, ९ सति पट्ठान, १० बर्मी भाषा बालमिकी रामायण ११ नोकरसे मालिककी ओर, १२ मध्यम देशका दिग्दर्शन, १३ महा मानव बुद्ध । इत्यादि

पूज्यपाद ऊ कित्तिमा महास्थविर कुशीनगर भिक्षुसंघया अध्यक्ष हानं गुलीनं बर्मी विहारत दु उकिया अधि पति जक मखु अध्यक्ष हे वस्पोल खः। भारते प्रवासी वर्मी बौद्ध संघया संघ-महानायक खः। बर्मी हिन्दी पत्र पत्रिकाया लेखक जक मखु सम्पादक नं ख । दिल्ली कलकत्ता बम्बइ तथा सैनिक कलेजया भाषा प्रवक्ता एवं काशी विद्यापीठया संस्थापक नं खः । वस्पोलया नेपायापिं नं यको शिष्यपिनं दु गथे की धम्मानन्द भन्ते, स्वर्गीय अनागारिका धर्मचारी अनागारिका

Downloaded from http://dhamma.digital

उत्तरा अनागारिका संघरक्षिता व अनागारिका अभया आदिः ख । गृहस्थीपिं घनिष्ट सम्बन्ध दुपिं उपासक न्हुछे नारायण मानन्धर व स्वर्गीय उपासक द्रब्यरत्न तुलाधर आदि । तीर्थयात्रा वने बले ह्लयाबलें वस्पोल गुरूजीया विहारे च्वना वस्पोलयात दर्शन याना वैगु जुया च्वन । उकि वस्पोलयात नेपाले यापि भन्तेपिं अनागारिका गुरू-मांपि व उपासक उपासिकापिंसं ह्ल मस्यूपिं कम हे जुइ । वस्पोल गुरूं थुगु किशिमं तीर्थयात्री तयेंत तसकं स्नेह तया नयेगु त्वनेगु बास बिया रेलं वनेगु समय समेतं कनाबिज्याइगु जुया च्वन । आपालं नेपायापिं भन्तेपिं अनागारिका गुरूमां-पि उपासक उपासिकापिन्त उपकारयाना बिज्याह्म स्वर्गीय गुरूजी वस्पोलयात निर्वाण कामना याना थुगु सफू पिधनागु जुल ।

Downloaded from http://dhamma.digital

# सुमेधा

प्राचीन कालमा मन्तावती नाम गरेको नगरमा क्रौंच नाउँ भएका राजाले शासन गर्दथे। उनकी पटरानीको तरफबाट एउटी छोरीको जन्म भयो। छोरीको नाम सुमेधा थियो। सुमेधाले बाल्यकाल देखिनै भिक्षुनी संगको सत्संगत गर्ने सुअवसर पाइन। फलस्वरूप उनी शीलवती, धेरै ज्ञानका कुरा सुनेकी भइन्। बौद्ध शासन (नियम) अनुसार शिक्षा पाएकी; अर्हंतहरू प्रति अति श्रद्धा राखेर बुद्ध शासनलाई पालना गर्ने भइन।

बाल्य अवस्था नाघेर अब सुमेधा तरूनो भएकोले बाबुले वाराणवती नाम गरेको नगरका अनिकरत्त नाउँ गरेका राजा संग विवाह गरि दिने विचार गरे।

एक दिन माता पिता छेउँ गएर सुमेधाले भनिन्:- मेरो मन निर्वाणतिर गैरहेको छ। यो

Downloaded from http://dhamma.digital

बिघ्नले भरिएको तुच्छ भोग लिएर म के गरूँ ? यो शरीर देवताको स्वभावले दिव्यमान भएता पनि नाशवानने छ अनित्य छ; अशाश्वतनै छ। यो बिषय भोग सधैंनै भयङ्कर विषले युक्त भएको हुन्छ तर मूर्खहरू यसैमा आसक्त भएर नर्कमा पर्दछन र अनन्तकाल सम्म ठूलो दुःख भोगिरहन्छन् । पाप कर्ममा आसक्त भएका बुद्धिहीन मानिसहरू नर्कमा परेर ठूलो यातना भोगिरहन्छन् । तिनीहरूले आपनो विचारलाई संयम गर्दैनन्; आपनो वचन र कार्यलाई संयममा राख्दैनन् । मूर्खहरू बुद्धि र चेतना न भएका हुन्छन् । उनीहरूलाई दु ख उत्पन्न हुने कारणको ज्ञान हुँदैन उपदेश दिएता पनि उनीहरूको मनमा उपदेश-को असर पर्दैन र उनीहरूले चार आर्यसत्यलाई बुझ्न सक्दैनन ।

आमा ! श्रेष्ठ सम्यक सम्बुद्धले देखाउनु भएको सत्यको उपदेश धेरैले जानेका छैनन । धेरै मानिस-हरूले यस संसारलाई मात्रै मानेका हुन्छन् अर्थात्

Downloaded from http://dhamma.digital

देवलोकमा जन्मलिने अभिलाषा लिएका हुन्छन । यो संसारको अनित्यता प्रत्यक्षनै देवलोकमा जन्मलिने पनि त अशाश्वत र नश्वरनै छ । तैपनि मूर्खहरूले अर्को जन्ममा भोग्नु पर्ने भयलाई देख्दैनन् ।

नर्कयोनि, पशुयोनि, प्रेतयोनि र असुरयोनि यी चार प्रकारका दुर्गति र मनुष्य लोक र देवलोकको जन्मलाई दुइ प्रकारका सुगति भनिएको छ । सुतिग प्राप्त गर्न बडो कठिन हुन्छ फेरि दुर्गतिमा परेका मानिसहरूलाईका लागि नर्कमा प्रवज्या लिने बाटोनै रहँदैन । त्यसैले तपाईहरू दुवै (माता पिता) लाई म भन्दैछु– "म दशबल भगवान तथागतको बाटो समाई प्रवज्या लिएर पछि पछि हिड्न तथा अंचल चित्तलाई शान्त गराई जन्म मृत्युको चक्र तोड्ने म प्रयत्न गर्नेछु मलाई वचन दिनुहोस्; आज्ञा दिनुहोस । फेरि फेरि जन्म लिएर फेरि यो असार क्षीण शरीर धारणा गरि राख्नु मेरो लागि व्यर्थ छ । अब तृष्णालाई निर्मूल पार्नलाई म प्रवज्या लिन्छु मलाई

Downloaded from http://dhamma.digital

बिदा दिनुहोस । बुद्ध उत्पन्न भएको समय यही हो यस्तो सुअवसर ठूलो भाग्यले मात्रै प्राप्त हुन्छ । यस्तो सुअवसरलाई म व्यर्थै खेरजान दिन्न । म बाँचुञ्जेल शील र ब्रम्हचर्य पालन गर्ने छु म भ्रष्ट हुने छैन ।"

सुमेधाले आमा बाबुलाइ फेरि यस्तो भनिनः– "म घर बसेर केही पनि खाने छैन– यहां बसेर भोकै मरेर जानेछु– त्यहीनै मेरो लागि हितको कुरा हुनेछ ।"

शोकले विह्वल भएकी आमा मनमा गाँठो पारेर रून थालीन । दुःखले पोलिएर राजमहलबाट बाहिर जान्न तम्सेकी छोरीको विचार र संकल्पलाई प्रव्रज्या लिने कुराबाट डगाउने प्रयत्न गर्दै बाबुले भन्न थालेः–

"छोरी ! उठ ! शोक नगर । मैले तिमीलाई वारणवती नगरका राजा प्रिय दर्शन अनिकरत्तलाई दि सकें । तिमी राजाको सबभन्दा ठूली रानी बने

Downloaded from http://dhamma.digital

छौ। छोरी ! शीर ब्रह्मचर्यको जीवन बडो कठीन जीवन हुन्छ – प्रव्रज्याको बाटो हिंडनु साह्रै गाह्रारो हुन्छ। तिमी तरूनी छौ। सारा सुख तिम्रै अधिनमा हुनेछ, रानी भएर अपार धन ऐश्वर्यको उपभोग गर। आउ बाबा ! स्वामीलाई स्वीकार गर।

यो सुनेर सुमेधाले भनिन्ः–

"बुबा ! यस्तो हुन सक्तैन। फेरि फेरि जन्म-लिनमा कुनै सार छैन। यात म प्रव्रज्यानै लिन्छु यात म मरेर नै जान्छु। यस बाहेक अरू कुरा म स्वीकार गर्न सक्दैन। कलुषित, अपवित्र' दुर्गन्धमय, डरलाग्दो, छालाले ढाकेको, मलले भरिएको यस शरीरको महत्वनै के छ र ? रगत मासुले ढाकेको तुच्छ कीटाणुहरूको घर–चराचुरुङ्गीहरूको आहार न हो यो शरीर ! जसलाई यस कुराको ज्ञान छ त्यसलाई यो शरीरको महत्वनै के छ र ? कसलाई यो मन पर्ला ? तपाईले यो कसलाई दिनु हुने ? चेतना नभएको शरीरलाई तुरून्तै मसान घाटमा पुर्याइन्छ। सजनहरूले पनि घिनाएर कता कता।

Downloaded from http://dhamma.digital

एकान्त ठाउँमा मिल्काएर आउँछन् । मसान घाटमा छाडिएको लाश अर्काको आहार हुन्छ । यस शरीर-लाई आमा बाबुले पनि छाडि आउँछन् र अझ घिनाएर नुहाउने गर्छन् अर्काको त कुरै छाडि दिउँ । मानिसको शरीर हाड र स्नायुहरूको समूह मात्रै हो । गन्हाउने मासु र हाडका संग्रह जस्तै यो दुर्गन्धै दुर्गन्धले भरिएको छ । तर तैपनि मूर्खहरू यसमा आसक्त हुन्छन् । यदि यो शरीरलाई चिरेर यस भित्र भएको कुरा बाहिर ल्याएर देखाउने हो भने यसको असह्य दुर्गन्धले गर्दा चाहे जस्को आमा भए पनि घिनाएर पन्छिने छिन् । स्कन्ध धातु तथा आयतनको मिलावट (मिश्रण) बाटनै जन्मको कारण बन्न जान्छ । यसैले शरीर अथवा दुःखलाई जन्माउने गर्छ । यस शरीर प्रति मलाई अलिकति पनि मायाँ छैन । फेरि मैले कुन इच्छाले म यसलाई स्वीकार गरूँ ? मेरो सम्पूर्ण दुःखको अन्त हुन्छ भने दिनहूँ सयकडौं खुकुरीका मारले सय वर्षसम्म चोट सहेर भएको त्यो मेरी मृत्यु पनि मेरो लागि श्रेय-

Downloaded from http://dhamma.digital

स्कर हुन्छ । 'ज्ञानीहरूले जन्म मरणको निरोध गर्ने प्रयत्न गर्दछन्' भन्ने शास्ताको वचन छ । अज्ञानी हरूलाई बारम्बार मृत्युको प्रहार सहेर पनि अनन्त कालसम्म संसारमा आइराखनु पर्दछ । देवलोक, मनुष्यलोक, पशुयोनी, असुरयोनी, प्रेतयोनी, नरक-योनीमा अनेकौं पटक परेर मृत्युको शिकार भएर उनीहरूले असहय दुःख भोगि रहन्छन् । नीचयोनीमा बारम्बार परेर उनीहरूलाई असहय क्लेसको शिकार हुनु पर्छ-यहाँसम्म कि उनीहरुलाई देवलोकमा पनि बच्ने उपाय पाईंदैन । निर्वाण जस्तो ठूलो उत्तम खालको सुख अरु कुनै पनि छैन । अनासक्त भएर अविचलित चित्तले जन्म मरणको सिक्री चुंडाल्ने दशवल भगवान बुद्धको नियम पालन गर्ने व्यक्तिलाई निर्वाण प्राप्त हुन्छ । पिताजी म आजै प्रवजित हुन्छु । मलाई सार नभएको यस भोगको वास्ता छैन । मलाई यसको अलिकति पनि चाहना छैन । जोरैसंग काटिएको ताडको रूख जस्तै मेरो काम वासना पनि जरैदेखि नाश भै सक्यो ।"

Downloaded from http://dhamma.digital

यता विवाहको समय आइपुग्नासाथ राजा अनिकरत्त त्यहां आइपुगे । त्यसबेला सुमेधाले आफ्नो कालो बाक्लो नरम केश तरवारले काटेर कोठाको ढोका थुनिन अनि ध्यान मग्न भएर ध्यानको प्रथम अवस्थामा पुगिन । अनिकरत्तयता सम्बन्धि ध्यानमा मग्न भएकी सुमेधाको अगाडि सुन र मणिमाणिक्य-का गहनाको विभूषित राजा अनिरत्तले उभिएर विवाहको लागि प्रस्ताव राख्दै भने-

"युवती ! राजसिंहासनमा बसी धन ऐश्वर्य प्रभूताको उपयोग गर । तिमी युवती पनि छौ अनि भोग सुखमय पनि हुन्छ । जीवनको त्यो भोगको उप-भोग गर जो संसारमा दुर्लभ छ । मेरो सम्पूर्ण राज्य तिम्रीलईदै भयों । आफु खुशी यसको भोग गर-आफु खुशी दान गर । हेर अबूझ हुनु हुँदैन तिम्रा पिताजी माताजी पनि दुःखी भएका छन् त्यसपछि सुमेधाले भनिन् -

भोग तृष्णा मेरो लागि कुनै कामको छैन । म मोह हीन भैसकेकी छु । तिमीले पनि काम भोगमा

Downloaded from http://dhamma.digital

आनन्द छ । भन्ने धारणा नलेउ । यसको परिणाम (फल) लाई हेर अनि यस प्रति अशुभको भावना राख । हेर चार चार महाद्वीपका राजा मान्धाताले अद्वितीय धन र ऐश्वर्यको उपयोग गरे तर उनी अतृप्त वासना लिएर नै मरे उनको इच्छा पूरा भएन । आकाशबाट साते प्रकारका रत्नहरू दशौं दिशाले परिपूर्ण भएर बर्सेता पनि मानिसको तृष्णालाई तृप्ति हुंदैन तैपनि मानिस अतृप्ति भएर नै मर्छन् । विषय भोग हाड मासु जस्तै हुन्छ–विष भएको सर्पले उठाई राखेको फणा जस्तै हुन्छ जलन भएको बिजुलीले झैं यसले वढाल्छ हाडको कङ्काल जस्तै यो डरलाग्दो हुन्छ । विषय भोग अनित्य हो; अध्रुव हो यो विषले भरेको हुन्छ । यसले धेरै दुःख-लाई जन्माउछ । पाप यसको जरो हो भने दुःख यसको फल हो । यो पोलेर रन्केको रातो फलामको डल्लो जस्तै डरलाग्दो हुन्छ । विषय भोग दुःखरूपी फलदिने वृक्ष जस्तै हो; मासुको चोईटा जस्तै अशुभ हुन्छ- सपनामा देखिने भ्रमात्मकता यसमा हुन्छ र

Downloaded from http://dhamma.digital

यी अरूबाट उधारो लिइएको बस्तु जस्तै तुच्छ हुन्छ।

विषय भोग खुकुरीको मार जस्तै हुन्छ, रोग जस्तै हुन्छ, खटिराको पोको जस्तै हुन्छ, पापको रूप हुन्छ। यो बलेको आगो जस्तै हुन्छ, पापको मूलको यो भएर मृत्युले भरिएको हुन्छ। यस प्रकारले विषय भोग ठूलो दुःखको कारण र विघ्नको कारण हुन्छ। तिमी फर्केर जाउ। जीवनको तृष्णामा मेरो केही आशा छैन। अरूले मेरो निम्ति के गर्लान ? मेरो टाउकोमा त आगो बलिरहेको छ। जरा मरण मेरो पछाडि बसेका छन्। तिनको नाश गर्ने प्रयत्न म आफैंले गर्नुछ। कोठाको ढोका उघारी हेर्दा उनले आफ्ना बाबु, आमा र अनिरुद्धलाई भुइँमा बसेर रोइरहेको पाईन्। अनि उनले भनिन्--

"अज्ञानीहरूको जन्म, मरण, रूने, कराउने काम बारम्बार दोहोर्‍याँदै अनन्तकालसम्म चलिरहन्छ। कहिले बाबु मर्ने, कहिले दाजु मर्ने, कहिले आफैं मर्ने यी सबैको अन्त छैन। कहिले देखि यस्तो प्रथा

Downloaded from http://dhamma.digital

चल्यो यसबारे केहि थाहाछैन । यो अज्ञात छ । यस तथ्यलाई तिमीले बिर्सी देउ । आवागमन (जन्म मरण) को चक्रमा घुमिरहने प्राणीहरूको हाडको पर्वत जस्तै थुप्रो रास लाग्छ त्यसको प्रति कल्पित विचार गर । एक कल्पसम्म मात्रै संकलिएको व्यक्तिको हाडको मात्रै थियो रास लाग्न सक्छ भने पनि विचार गर । त्यो प्रकार आँसु, दूध, रगत मात्रै चारवटा महासागरको पानी जतिको होला यो पनि संझेर हेर । यो जान्न जान्न नसकिने संसारमा घुमि-रहने प्राणीहरूको आमा बाबुहरूको लास राख्न संपूर्ण जम्बुद्वीपको ठाउँले पुग्ने छैन । सम्पूर्ण पृथ्वी-का घाँस, काठ, हाँगा, पात आदि जम्मा गर्न सकेता पनि यस प्रकार, जानेर जान्न नसकने संसारको चक्रमा घुमिरहेका प्राणीहरूको संख्या जान्न नसकनु छ । यस सत्यलाई एक पटक संझेर हेर । समुद्रको फेदमा बस्ने अन्धो कछुवालाई समुद्र माथि आएको बखतमा कसाई ल्याइएको हलोको प्वालमा आफ्नो टाउको छिराउन असंभव भएझैं पनि असं-

Downloaded from http://dhamma.digital

भवको वेच संभावना रहे जस्तै मानिसको जन्म अत्यन्त दुर्लभ हुन्छ । धेरै दुःख भोग गरिसकेपछि कहिले कहिले मात्रै मानिसको जन्म पाइन्छ । पानीको फोका जस्तो शरीर नाशवान हुन्छ । यसैले यसलाई बिर्सीदेउ । अनित्य स्कन्ध समूह माथि विचार गर । नरकको अनेक अनेक दुःखलाई विर्सन हुंदैन । अनेक अनेक जन्मलिएर अनेकौं पटक मरे पछि बारम्बार मसान घाटमा लगेर पूरिएको छ । यसलाई एक पटक संझ; कुंभोपाक नर्कको पीडालाई संझ । चार आर्यसत्यलाई संझ ।

अमृत हुँदा हुँदै पनि के तिमी पाँच प्रकारको तीतो झोल पिउन रूचाउँछौ ? रूप, शब्द, गन्ध, रस, स्पर्श (विषय) यी पांच प्रकारका तीता झोल हुन् । यी मध्ये विषय भोग तिते (चिरेता) को झोल भन्दा पनि अति तीतो हुन्छ । अमृत हुँदा हुँदै पनि विषय वासनाको आगोले पोलाएर बस्ने इच्छा छ कि ? सबै विषयको भोगले पोल्छ क्षोभ उत्पन्न गर्छ सन्ताप (पीर) बढाउंछ । विषय भोगले

Downloaded from http://dhamma.digital

भयंकर शत्रुको उत्पन्न गर्छ । तिमीले शत्रुको निर्मूल गर्नु छ भने विषय भोगको वास्ता नगर । काम आसक्तिको कारणले नै राजा, आमो, चोर तथा अन्य प्रकारको बैर भावलाई निम्ताउने गर्छ । मोक्ष हुंदा हुँदै विघ्न विनाश र बन्धनले युक्त भएको कामासक्तिको उपयोगिता नै के छ ? कामासक्तिले विघ्न बाधा र बन्धनको जाल फैलाउदै जान्छ अनि मानिसले ठूलो दुःख भोग्नु पर्ने हुन्छ । बलिरहेको आगोलाई हातमा लिएर छोडिएन भने त्यसैले हात पोल्छ त्यस्तै कामाशक्तिलाई समातिराख्ने मानिसको गति पनि हुन जान्छ । जसले त्यसलाई समातिरहन्छ त्यसलाई त्यसले डढालिन्दै दिन्छ बाँको राख्दैन । अलिकति काम सुखको लागि ठूलो मोक्षको सुख-लाई त्याग गर्नु हुँदैन । हेर माछा झैं बल्छीमा अल्झेर तिमी नमर ।

भोग तृष्णालाई दमन गर होइन भने भोकाएका चण्डालहरूले मारेको, सिक्रीले बाँधेको कुकुरको जस्तै तिमीहरूको मृत्यू हुनेछ । भोगमा टाँसीमाले दुःख

Downloaded from http://dhamma.digital

र मानसिक क्लेस प्राप्त हुन्छ। भोग प्रतिको आशक्तिलाई त्यागि देउ। भोग सधैं स्थाई भैरहने वस्तु होइन यो अनित्य छ। वृद्ध नहुने-कहिल्यै पुरानो नहुने निर्वाण हुँदा हुँदै पूरानो भएर थोत्रिने भोग तिमीलाई के काम ? सारा योनी अनेक प्रकारका ब्याधि (रोग) र मृत्युले ब्याप्तछ। यो निर्वाण अमर छ; अमर छ। यो निर्वाण नै अजरता र अमरता प्राप्तगर्ने स्थानहो। यहाँ शोक छैन; यहां शत्रु छैन; यहां बिघ्न छैन। यो अचल छ; यो संतापहीन अवस्था हो; यो भयहीन अवस्था हो। धेरैले यस अमृतको स्वाद लिसकेका छन् आज पनि यसको स्वाद चाखन सकिन्छ। तर भित्रदेखि जसले गहिरिएर यसको लागि प्रयत्न गर्छ उसले यसलाई प्राप्त गर्न सक्छ प्रयत्न न गर्नेहरूले यसलाई प्राप्त गर्न सक्दैनन्।

यस प्रकारले सब प्रकारका संस्कारबाट बिरक्त भई सकेकि सुमेधाले संझाए पछि अनिकरत्तका

Downloaded from http://dhamma.digital

अगाडि उनले आफ्नो शिर घुकाइन् र उनको केसाले जमीनलाई छोयो ।

त्यसपछि राजा अनिकरतले उठेर बिन्ति गर्दै सुमेधाको पिताजीलाई भने "सत्य र मुक्तिको दर्शनको लागि सुमेधालाई प्रवज्या लिन वचन दिएर बिदा दिनु होस् ।"

संसारको शोक र भयले तर्सेको सुमेधा माता पिताको वचन पाएपछि प्रव्रजित भइन । शिक्षार्थीनी भएको अवस्थामाने उनले ६ प्रकारका श्रेष्ठ ज्ञान प्राप्त गरेर सर्वोच्च सिद्धि प्राप्त गरेकी थिइन् ।

राजकन्या सुमेधाको निर्वाणको कथा बडो अनौठो र आश्चर्य मार्गदो छ । उनले आफ्नो पूर्व जन्मको विवरण यसरी दिएको पाइन्छ ।

त्यसबेला कोणागमन बुद्ध संघाराम नाउँ गरेको नयाँ विहारमा हुनु हुन्थ्यो । मेरा दुईजना क्षेमा र धनंजानी नाम भएकी साथी थिए । त्यसबेला हामी तीनजना साथी मिलेर एउटा बिहार बनायौं र

Downloaded from http://dhamma.digital

कोणागमन बुद्धलाई दानगरि दियौं । यस पुण्यको प्रभावले गर्दा सयकडौं हजारौं लाखौं लाख देवलोक मा हामीहरूको जन्म भयो । देवलोकमा पनि हाम्रो प्रभाव निकै बढदै गयो । फेरि स्त्री रत्न भै जन्म लिएँ । त्यसपछि सातरत्नले विधूषित चक्रवर्ती सम्राटकी प्रधान रानी बनें । बुद्ध शासन प्रति मेरो बिनीत श्रद्धानै यसको कारण यसको श्रोत र यसका परिणाम थियो । त्यही सबै परम संगतिको सार थियो; त्यसैले धर्ममा रूचि लिने भएर मेरो मुक्ति भयो । अनुपम त्यस अपरिमित ज्ञान भएका सम्यक सम्बुद्धको वचनमा जसले श्रद्धा राखला उनको जीवन तृष्णाबाट बैराग्य भएको हुनेछ र राग रहित ... सब प्रकारको आशक्तवाटै मुक्ति हुनेछ ।

Downloaded from http://dhamma.digital